# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम पूर्व
५ नं. प्रदेश, नेपाल

प. सं.: २०७६/०७७
सुचना नं ४२

**भकारो सुधार अनुदान माग सम्बन्धी सुचना।**

प्रथम पटक प्रकाशित मिति : २०७६/११/२८

प्रस्तुत बिषयमा सिस्ने गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नेपाल सरकार शसर्त अनुदानमा माटो सुधार सेवा आयोजना शिर्षकमा हस्तान्त्ररित बजेटबाट समुह तथा सहकारीमा आधारित ५० प्रतिशत अनुदानमा भकारो सुधार कार्यक्रम संचालन गर्नु पर्ने भएकोले सिस्ने गाउँपालिका भित्रका इच्छुक कृषि सहकारी तथा कृषक समुहको लागि सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको कार्यालयमा तपसिलका कागजात सहित आवेदन दिनु हुन यो सुचना प्रकाशन गरिएको छ।

तपसिल

१. रु १० को टिकट सहितको निवेदन।
२. समुह /सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपी।
३. भकारो सुधारको लागि कृषक छनौट गरिएको निर्णय प्रतिलिपी।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस।
५. सहकारीको हकमा बार्षिक लेखा परिक्षण प्रतवेदन।

नोट :

१. कृषक छनौट गर्दा कम्तिमा ५ वटा गाई/गोरु वा भैसी संख्या हुनु पर्ने।
२. भकारो सुधार सम्बन्धि अन्य कुनै सरकारी तथा गैह्र सरकारी निकायबाट अनुदान प्राप्त गरेको संस्थालाइ अनुदानको लागि छनौट गरिने छैन।
३. कृषि प्राविधिकको स्थलगत फिल्ड अनुगमन तथा प्रतिवेदनको आधारमा अनुदानग्राही संस्थाको छनौट गरिने छ।

चिन्तामणि दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत